## भालुको आक्रमणबाट बच्ने उपाय

- ⇨ भालुसँग जम्काभेट भएमा आफुसँग छाता छ भने भालुतिर फर्काएर छाता उघार्नु पर्दछ । छाता छैन भने रुमाल वा लुगाले आफ्नो अनुहार छोप्नुपर्छ किनकी भालुले सामान्यता अनुहारमा आक्रमण गर्ने गर्छ ।
- ⇨ भालुले आक्रमण गर्दा ओरालो ठाउँ छ भने ओरालोतिर दौडने । भालुको शारिरीक बनावटको कारण ओरालोतिर झर्दा उसलाई अप्ठ्यारो हुन्छ ।
- ⇨ खसी, बाख्रा वा बोका जस्तो आवाज निकालेर कराउने । यस्तो आवाज सुनेर भालु भाग्छ भन्ने विश्वास छ ।
- ⇨ भालु आक्रमण गर्न आयो भने कापे लौरो (Y आकारको) ले भालुको घाँटीमा च्यापेर धकल्ने ।
- ⇨ भालुले आक्रमण गर्न आयो भने लठ्ठी भुँईमा बजार्ने वा भालुको हात उठाएर आउँदा हात वा नाकमा हिर्काउने । यसको नाक अति संवेदनशील हुने भएकोले नाकमा हिर्काउँदा भालु तुरुन्तै भाग्छ ।
- ⇨ मसिनो वा पातलो रुखमा भालुलाई चढ्न गाह्रो हुन्छ त्यसैले मसिनो वा पातलो रुखमा चढ्ने ।
- ⇨ आगो बालेर तर्साउने ।
- ⇨ आक्रमण गर्न आउने अवस्थामा भाग्यो भने झन् लखेट्छ । त्यसैले उसँग प्रतिकार गर्ने ।



## वन्यजन्तुबाट हुने क्षतीको राहत सम्वन्धी व्यवस्था

वन्यजन्तुबाट हुने क्षतीको राहत सहयोग निर्देशिका, २०६९ (संसोधन समेत) ले वन्यजन्तुहरू जस्तैः हाती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, ध्वाँसे चितुवा, ब्वाँसो, जंगली कुकुर, जंगली बँदेल, अर्ना, मगर गोही, अजिङ्गर, गौरीगाई, निलगाई र बाँदरबाट देहायको क्षती भएमा निम्न बमोजिम राहत उपलब्ध गराउने व्यवस्था रहेको छ । सोको लागि पिडित वा हकवालाले ३५ दिन भित्र सम्बन्धित निकायमा निवेदन दिनु पर्दछ ।

**मानवीय क्षती :**

- सामान्य घाइतेलाई बढीमा रू.२०,०००।- सम्म औषधी उपचार खर्च दिने ।
- सख्त घाइतेलाई रू. २,००,०००।- र सो भन्दा बढी खर्च लाग्ने भएमा सरकारी अस्पतालमा उपचार गराई सोही अस्पतालको सिफारिसमा सम्पूर्ण उपचार खर्च नेपाल सरकारले ब्यहोर्ने ।
- मानिसको मृत्यू भएमा मृतकको आश्रित परिवारलाई रू. १०,००,०००।- राहत रकम दिने ।

**पशुधनको क्षती (विमा रकम कटाएर):**

- बयस्क भैंसी, गोरू, उन्नत गाई, साँडेको मृत्यू भएमा बढीमा रू. ३०,०००।- सम्म राहत दिने ।
- अन्य पशुवस्तुको मृत्यू भएमा प्रेषित कागजात र सिफारिसका आधारमा भएमा बढीमा रू. १०,०००।- सम्म राहत दिने ।

**घर, गोठ, खाद्यन्न बाली क्षती :**

- प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रू. १०,०००।- सम्म राहत दिने ।

**राहतको लागि निवेदन दिंदा पेश गर्नु पर्ने कागजातहरू:**

(१) पीडीत/हकवालाको निवेदन, (२) पिडित र घटनाको फोटो (३) घटनास्थलको सर्जमिन मुचुल्का, (४) घटना घटेको क्षेत्रको वन/मध्यवर्ती समितिको सिफारिस, (५) सम्वन्धित नगर/गाउँ पालिकाको सिफारिस, (६) उपचार गरेको अस्पताल वा संस्थाको सिफारिस, (७) पशु वा कृषि सेवाका प्राविधिकको मुल्याकन र जग्गाधनी प्रमाण पूर्जा (अन्नवाली क्षतीको हकमा) (७) मृतकको हकमा थप कागजातहरू जस्तैः नाता प्रमाणीत, संभव भएसम्म मृतक/पिडीतको फोटो, मृत्यु दर्ताको प्रमाणपत्र, मृत्युको हकमा पोष्टमार्टम रिपोर्ट र प्रहरी प्रतिवेदन ।

**थप जानकारीका लागि :**

डिभिजन वन कार्यालय लमजुङ, वेसीशहर

**फोन नं.: ०६६-५२०१३५**

*संकलन : पूर्णेश्वर सुबेदी*

# भालुको परिचय



## हुनसक्ने आक्रमण र जोगिने उपायहरु

गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातारण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय लमजुङ**
वेसीशहर


आ.व. २०७९/०८०

| | |
|---|---|
| नेपाली नामः | एसियाली कालो भालु |
| अंग्रेजी नामः | Asiatic Black Bear |
| वैज्ञानिक नामः | *Ursus thibetanus* |
| शारीरिक बनोटः | बाक्लो कालो रौँले ढाकिएको, छात्तीमा अंग्रेजी भी आकारको सेतो भाग हुने। |
| तौलः | १५० - १८० किलोग्राम (भाले) |
| लम्बाईः | १४० देखि १६५ सेन्टिमिटर |
| उचाईः | १५० सेन्टिमिटर |
| आयुः | ३० वर्ष (गर्भावस्था ७ महिना) |
| बच्चाः | एकपटकमा १-२ वटा |
| आहाराः | मौसम अनुसारको विभिन्न जङ्गली फलफूल, धमिरा, कमिला आदि। |
| बासस्थानः | पहाडी र तल्लो हिमाली क्षेत्रका वन वन क्षेत्रहरु |
| विचरण क्षेत्रः | १४०० देखि ४००० मिटर उचाईका भागहरु। |

नेपालमा काठे भालु, कालो भालु र खैरो भालु गरी तीन प्रकारका भालुहरु पाईन्छन्। खैरो भालु माथिल्लो हिमाली तथा हिमाल पारीको क्षेत्रमा पाईन्छ भने काठे भालु तराई तथा चुरे क्षेत्रमा पाईन्छ । एसियाली कालो भालु (यस पछि कालो भालु भनिएको) पहाडी र तल्लो हिमाली क्षेत्रका चौडापाते घना वन जंगल, भिरालो चट्टान, गुफाहरु भएको ठाउँमा पाईन्छ।



कालो भालुको रङ्ग चिल्लो कालो हुन्छ र छातीमा सेतो वा हल्का पहेंलो भि (V) आकारको चिन्ह हुन्छ। यिनीहरूको अनुहारमा आँखा देखि नाक सम्मको भाग सम्म परेको हुन्छ भने कान ठूला हुन्छन्। यिनीहरूको नङ्ग्रा खैरो भालुको भन्दा छोटो हुन्छ र टुप्पो तीखो परेको हुन्छ। कालो भालु नेपाल, पाकिस्तान, अफगानस्थान, इरान, भारत, चीन, रुस, कोरिया, जापान ताइवान, भियतनाममा पाइन्छ। यो प्रजाति नेपालको प्रायजसो सबै हिमाली तथा पहाडी संरक्षित क्षेत्रहरू र राष्ट्रिय वनमा पाइन्छ।




वन विनास, वन क्षेत्र कृषि लगायत मावन वस्ती विस्तार , वन क्षेत्र अन्य प्रयोजनमा परिवर्तन गरिनु, अति चरण जंगल कटानीको कारण वासस्थानको विनास, अन्न बाली खाइदिएको, मानिसलाई घाइते बनाएको आवेगमा र यसको पित्तको लागि मानिसले मार्ने गरेको पाइएको छ। यीनै कारणले गर्दा यो प्रजाति संकटमा परेको छ।

नेपालमा यो भालु ५०० रहेको अनुमान गरिएको छ । यसको संख्या दिनानुदिन घट्दै गएकोले साईटिस (CITES) ले यसलाई अनुसूची एक (Appendix I) मा समावेश छ भने विश्व संरक्षण संघ (IUCN) ले यसलाई विश्वमा संवेदनशिल प्रजातिको सूचीमा (Vulnerable A2cd+3d+4d) र राष्ट्रिय स्तरमा यसलाई संकटापन्न प्रजातिको सूचीमा (Endangered C2a(i)) समावेश गरिएको छ।

कालो भालु सर्बभक्षी जीव हो। यसको मुख्य आहारा कमिला तथा धमिरा हो। यसले मौसम अनुसारको जङ्गली फलफुलहरु, मौरीको पोला र मह, चराचुरुङ्गीको फुल, साना किरा फट्यांग्रा र मरेको जनावरको मासु समेत खाने गर्छ। गर्मी वा वर्षाको समयमा भालु गुफा वा दुलोमा बस्छ भने हिँउदको समयमा खुला जङ्गलमा बस्ने गर्दछ । सहवासको समय वा बच्चा साथमा भएको बेला बाहेक यो जनावर जङ्गलमा एक्लै विचरण गर्छ । मानिस जम्काभेट भएमा भालु आत्तिएर आक्रमण (कोपर्ने, चिथोर्ने) गर्न सक्छ । साना बच्चा बाहेक जुनसुकै उमेरको भालुले पनि मानिसलाई आक्रमण गर्नसक्छ। भाले र पोथी दुबैले उत्तिकै आक्रामक हुन्छन्। बच्चा साथमा भएका पोथीहरु बढी आक्रामक हुन्छन्। यिनीहरु रातीमा बढी सक्रिय हुन्छन् र दिनमा आराम गर्छन्।



## भालुले आक्रमण गर्ने अवस्था

- जम्काभेट भएमा, जिस्क्याएमा।
- माउसँग सानो बच्चा भएको अवस्थामा।
- सहबासको समयमा, यस्तोबेला एउटा पोथीसँग चार-पाँचवटा भाले भेटिने गर्दछन्।
- खाना खाइरहेको अवस्थामा (खासगरी धमिरा खाने बेला भुइँ खनेर टाउको, जीउ प्वालमा हुने हुनाले यसलाई इवाट्टै देख्न मुश्किल हुन्छ भने यसले मान्छे नजिक आईपुगेपछि मात्र थाहा पाउँछ र यस्तो बेलामा आत्तिएर आक्रमण गर्ने सम्भावना प्रवल हुन्छ।
- मान्छे एक्लै हिँडेको अवस्थामा।



## भालुले आक्रमण गर्ने तरीका

- भालुले मासिलाई देखेर आफू असुरक्षित महसुस गरेपछि पछाडीको दुई खुट्टाले जुरुक्क उभिएर चारैतिर हेर्छ, दुवै हात माथि उठाउँछ र थुक्छ। मुख लुकाएर फ्वाँ फ्वाँ, ट्वाक-ट्वाकगर्दै दाँत बजाएर आवाज निकाल्छ र मानिसलाई सोझै अनुहारमा पञ्जाले चिथोर्ने र मुखले टोक्ने, कोपर्ने समेत गर्छ।